अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०८०।११।२७ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

**जिल्ला दोलखा, तामाकोशी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत निमेष मिश्र, उपाध्यक्ष उर्मिला खड्का, तत्कालीन लेखा अधिकृत विजय लुईटेल, तत्कालीन इन्जिनियर सुबोध कुमार चापागाई समेत १२ जना उपर गैर कानुनी लाभ तथा हानी पु-याइ भ्रष्टाचार गरेको सम्वन्धी आरोप पत्र दायर।**

जिल्ला दोलखा, तामाकोशी गाउँपालिका वडा नं. ३ जफे जामुनेमा सभाहल तथा शौचालय निर्माण गर्न बनेको उपभोक्ता समिति, अनुगमन समिति, वडा अध्यक्ष र प्राविधिकसहितको मिलेमतोमा नक्सा अनुसारको काम नहुँदापनि गैरकानूनी तवरबाट बजेट निकासा भएको, भवनको लम्बाई लामो छोटो भएको, पिलर तथा टाई बिमको साइज घटी बढी रहेको र भवन निर्माण स्थलमा रहेको पुरानो भवनको सामाग्रीमा वडाअध्यक्षले बेचेर आफै खर्च गरेको लगायतको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा **प्रतिवादीहरु तत्कालीन प्रमुख प्रशासकीय अधिकृत निमेष मिश्र, तत्कालीन लेखा अधिकृत विजय लुईटेल, योजना शाखाका तत्कालीन लेखापाल राम बहादुर कार्की, तत्कालीन इन्जिनियर सुबोध कुमार चापागाई र तत्कालीन सबइन्जिनियर सृजना दुवालले** नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले उक्त योजनाको लागत अनुमान अनुसार जम्मा १२ वटा पिलर रहेकोमा २ वटा पिलरको Footing को साईज ७'*७', ६ वटा को ६'-६"*६'-६" र ४ वटाको ६'*६' हुनुपर्नेमा अनुगमन/निरीक्षण गरी लागत अनुमानअनुसार काम भए/नभएको एकिन गरेर मात्र भुक्तानीको लागि सिफारिस गर्नुपर्नेमा नापी किताबमा हेर्दा फिल्डमा सवै Footing को साइज ५'*५' को निर्माण गरी सोहीअनुसार भुक्तानी गरी, Footing को साईज अपर्याप्त निर्माण गरेको र साथसाथै स्थलगत नापजाँच गर्दा भवनको दुईवटा डायागोनल लम्बाइ पनि फरक परेको देखिएकोले आफैले तयार गरेको लागत अनुमानभन्दा फरक तरिकाले निर्माण कार्य गरे तापनि लागत अनुमान डिजाइनसमेत संशोधन नगरी निर्माण कार्यको आकार वा रुप परिवर्तन गर्ने तथा निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माण गरेको निर्माण कार्यको भुक्तानीको लागि नापी किताब, उपभोक्तासम्बन्धी बिल, कार्य सम्पन्न प्रतिवेदन, गोश्वारा भौचर, टिप्पणी पेश गर्ने कार्य गरी भुक्तानी दिन नमिल्ने रकम रु.१२,८९,३२०।- (अक्षेरेपि बाह्र लाख उनानब्बे हजार तीन सय बीस रुपैया मात्र) भुक्तानी दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग)

बमोजिम नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले कसूर गरेको देखिन आएकोले निज प्रतिवादीहरु निमेष मिश्र, विजय लुईटेल, राम बहादुर कार्की, सुबोध कुमार चापागाई र सृजना दुवाललाई निर्धारित शर्त तथा मापदण्ड विपरीत बढी भुक्तानी दिएको रकम रु.१२,८९,३२०।-(अक्षरेपि बाह्र लाख उनानब्बे हजार तीन सय बीस रुपैया मात्र) बिगो रकम कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन मागदाबी लिइएको छ।

**प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष ईराजन पोखरेल, सचिव नम्रता महत, कोषाध्यक्ष माण्डवी पोखरेलको हकमाः** प्रतिवादीहरु **ईराजन पोखरेल, नम्रता महत, माण्डवी पोखरेलले** जिल्ला दोलखा, तामाकोशी गाउँपालिका वडा नं. ३ स्थित सभाहल तथा सार्वजनिक शौचालय निर्माण उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष जस्तो महत्वपूर्ण जिम्मेवारीमा बसी भवनको लागत अनुमान अनुसार जम्मा १२ वटा पिलर रहेकोमा २ वटा पिलरको Footing को साईज ७'*७', ६ वटा को ६'-६"*६'-६" र ४ वटाको ६'*६' हुनुपर्नेमा नापी किताबमा हेर्दा फिल्डमा सवै Footing को साइज ५'*५'को निर्माण गरी सोही अनुसार भुक्तानी लिएको, Footing को साईज अपर्याप्त निर्माण गरेको, स्थलगत नापजाँच गर्दा भवनको दुईवटा डायागोनल लम्बाई पनि फरक परेको देखिएकोले लागत अनुमान अनुसार निर्माण नगरेको कारण भवनको भारवहन क्षमतामा असर पुग्ने कुराको समेत बिचार नगरी, हालसम्म सो भवन संचालनमा समेत नआएको र अलपत्र अवस्थामा रहेको, मनासिव कारण बिना निर्माण कार्यको आकार वा रुप परिवर्तन गर्ने तथा निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गरी नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले **रु.१२,८९,३२०।-(अक्षरेपि बाह्र लाख उनानब्बे हजार तीन सय बीस रुपैया मात्र)** बिल गाउँपालिकाको कार्यालयमा पेश गरी भुक्तानी समेत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसुर गरेको देखिन आएकोले निज प्रतिवादीहरु **ईराजन पोखरेल, माण्डवी पोखरेल र नम्रता महत** लाई **रु.१२,८९,३२०।-(अक्षरेपि बाह्र लाख उनानब्बे हजार तीन सय बिस रुपैया मात्र)** बिगो रकम कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (४) वमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदाबी लिइएको छ।

**प्रतिवादी तामाकोशी गाउँपालिकाका तत्कालिन उपाध्यक्ष उर्मिला खड्का, वडा नं. १ का वडा अध्यक्ष महेश्वर काफ्ले, वडा नं. ४ का वडा अध्यक्ष होम बहादुर श्रेष्ठले** लागत अनुमान अनुसार १२ वटा पिलर रहेकोमा २ वटा पिलरको Footing को साईज ७'*७', ६ वटा को ६'-६"*६'-६" र ४ वटाको ६'*६' हुनुपर्नेमा नापी किताबमा अनुसार सवै Footing को साइज ५'*५'को निर्माण गरेको, Footing को साईज अपर्याप्त निर्माण गरेको, स्थलगत नापजाँच गर्दा भवनको दुईओटा डायागोनल लम्बाइ पनि फरक परेको देखिएको, प्राविधिक फिल्ड प्रतिवेदनमा उल्लेख भएको लागत अनुमान अनुसार निर्माण नगरेको कारण भवनको भारवहन क्षमतामा असर

पुग्ने देखिएको र हालसम्म सो भवन संचालनमा समेत नआइ अलपत्र अवस्थामा समेत भवन निर्माण कार्यको रकम भुक्तानी गर्न निर्देशन गर्ने भनी निर्णय गरी बदनियत पूर्वक गलत सिफारिस गरी गाउँपालिकाबाट रु.१२,८९,३२०।-(बाह्र लाख उनानब्बे हजार तीन सय बीस रुपैंया) भुक्तानी लिइ नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने कार्य गरेको पुष्टि हुन आएको हुँदा उल्लेखित कार्यहरुमा संलग्न तामाकोशी गाउँपालिका तत्कालीन गाउँपालिका उपाध्यक्ष योजना जाँचपास तथा फरफारक समितिका संयोजक उर्मिला खड्का के.सी., ऐ.गाउँपालिका वडा नं. १ का तत्कालीन वडाध्यक्ष महेश्वर काफ्ले र ऐ.गाउँपालिका वडा नं. ४ का तत्कालीन वडाध्यक्ष होमबहादुर श्रेष्ठसमेतको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसूर गरेको देखिन आएकोले सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ।

**प्रतिवादी तामाकोशी गाउँपालिकाका वडा नं. ३ का तत्कालीन र हालका वडा अध्यक्ष राम प्रसाद काफ्लेले** तामाकोशी गाउँपालिका वडा नं. ३ स्थित सभाहल तथा सार्वजनिक शौचालय निर्माणको लागत अनुमान अनुसार जम्मा १२ वटा पिल्लर रहेकोमा २ वटा Footing को साईज ७'*७', ६ वटा को ६'-६"*६'-६" र ४ वटाको ६'*६' हुनुपर्नेमा नापी किताबमा अनुसार सवै Footing को साईज अपर्याप्त निर्माण गरेको, स्थलगत नापजाँच गर्दा भवनको दुईओटा डायागोनल लम्बाइ पनि फरक परेको देखिएकोले, लागत अनुमान अनुसार निर्माण नगरेको कारण भवनको भारवहन क्षमतामा असर पुग्ने देखिएको, भवन हालसम्म संचालनमा समेत नआइ अलपत्र अवस्थामा रहेको अवस्थामा भवन निर्माण कार्यको रकम भुक्तानी गर्न तथा बयानको क्रममा कसूर स्थापति हुन अवस्था सृजना भएपश्चात विभिन्न बरबहाना बनाई आफ्नो जिम्मेवारीबाट पन्छिने हिसाबले बयान दिएको देखिँदा निजसमेतले नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले गलत सिफारिस तथा निर्णय गरी प्राविधिक मूल्याङ्कन अनुसारको रकम उपभोक्ता समितिलाई भुक्तानी गर्न सिफारिस गरेको देखिएको र उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसूर देखिन आएकोले सोही ऐनको दफा १९ को उपदफा (२) वमोजिम कैद र जरिवाना हुन मागदाबि लिइएको छ।

प्रवक्ता
नरहरि घिमिरे